# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६४/६५ को पहिलो सात महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६४/६५ को पहिलो सात महिनासम्ममा विस्तृत मुद्राप्रदाय १०.८ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा उक्त मुद्राप्रदाय ९.४ प्रतिशतले बढेको थियो । निजी क्षेत्रमा प्रवाहित बैंक कर्जा उलेख्य बढेका कारण विस्तृत मुद्रा प्रदायको वृद्धि उच्च रहेको हो ।

२. आवधिक निक्षेपको वृद्धि अघिल्लो वर्ष १०.६ प्रतिशत रहेकोमा समीक्षा अवधिमा १२.९ प्रतिशत रहेको छ । विप्रेषण आप्रवाहमा उल्लेख्य वृद्धि र सम्झौतित वित्तीय संस्थाहरुको बचत बढेकोले आवधिक निक्षेप बढेको हो ।

३. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) रू २७ करोडले  बढेको छ ।  अघिल्लो वर्ष खुद वैदेशिक सम्पत्ति रू ६ अर्ब ४३ करोडले बढेको थियो । विदेशमा काम गर्ने नेपालीहरुले पठाएको विप्रेषण आप्रवाह वृद्धि उच्च रहेतापनि आयात उलेख्य बढेकाले चालु खाता बचत अघिल्लो वर्षको भन्दा कम रहेको र खुद वैदेशिक ऋण परिचालन ऋणात्मक रहेकाले समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति वृद्धि सिमान्त रहेको हो ।

### कुल आन्तरिक कर्जा

४. समीक्षा अवधिमा कुल आन्तरिक कर्जा उलेख्य १२.६ प्रतिशतले बढेको छ । अघिलो वर्ष आन्तरिक कर्जा २.३ प्रतिशतले बढेको थियो । निजी क्षेत्रमा प्रवाहित बैंक कर्जा विस्तारमा तीव्रता आएकाले कुल आन्तरिक कर्जा वृद्धि उच्च रहेका हो ।

५. नेपाल सरकारमाथिको खुद दावी अघिल्लो वर्ष ७.८ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा १.६ प्रतिशतले मात्र घटेको छ । नेपाल सरकारको खर्चको वृद्धि उच्च रहेकोले नेपाल सरकारमाथिको खुद दावी समीक्षा अवधिमा कम दरले घटेको हो ।

६. निजी क्षेत्रतर्फ जाने कर्जा समीक्षा अवधिमा १६.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो कर्जा विस्तार ९.४ प्रतिशत रहेको थियो । थोक तथा खुद्रा व्यापारतर्फ रु.६ अर्व २७ करोड, निर्माण क्षेत्र तर्फ रु.६ अर्व ७१ करोड र घर घडेरीतर्फ रु. ४ अर्व कर्जा प्रवाह भएकोले निजी क्षेत्रतर्फको बैक कर्जा उच्च रहेको हो । त्यसैगरी हलुका सवारी साधन र शेयरको धितोमा पनि उलेख्य कर्जा विस्तार भएकाले निजी क्षेत्रमा प्रवाहित बैंक कर्जा विस्तारमा तेजी आएको हो ।

**सञ्चित मुद्रा**

७. अघिल्लो वर्ष १.९ प्रतिशतले बढेको सञ्चित मुद्रा समीक्षा अवधिमा ४.० प्रतिशतले बढेको छ । नेपाल राष्ट्र बैंकको सरकारी ऋणपत्र माथिको लगानी र वाणिज्य बैंकहरुलाई कर्जा प्रवाह बढेकाले समीक्षा अवधिमा संचित मुद्राप्रदायमा विस्तार आएको हो ।

**विदेशी मुद्रा कारोवार**

८. आर्थिक वर्ष २०६४/६५ को पहिलो सात महिनासम्ममा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ६६ करोड ६ लाख खुद खरीद गरी रू ४२ अर्ब १६ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ अघिल्लो वर्षको यसै अवधिमा यस बैंकले अमेरिकी डलर ५१ करोड ८ लाख खुद खरीद गरी रू ३७ अर्ब १७ करोड बराबरको खुद तरलता प्रवाह भएको थियो ।

९. आर्थिक वर्ष २०६४/६५ को पहिलो सात महिनासम्ममा अमेरिकी डलर ७९ करोड बिक्री गरी रू ५० अर्ब २३ करोड बराबरको भा.रू. खरिद भएको छ अघिल्लो वर्षको यसै अवधिमा ४२ करोड अमेरिकी डलर भारतीय मुद्रा बजारमा बिक्री गरी रू ३० अर्ब ४९ करोड बराबरको भा.रू. खरीद भएको थियो । समीक्षा अवधिमा नेपाल आयल निगमले भारतीय आयल निगमलाई तिनुपर्ने बक्यौता गत वर्ष भन्द बढी भुक्तानी गरेको र भारतसँगको बढ्दो चालुखाता घाटा पुरा गर्नको लागि समीक्षा अवधिमा बढी भा.रू. खरीद भएको हो ।

**खुला बजार कारोवार**

१०. आर्थिक वर्ष २०६४/६५ को पहिलो सात महिनामा नेपाल राष्ट्र बैंकले दोस्रो बजार कारोवार मार्फत खुद रू १९ करोड बराबरको तरलता प्रवाह गरेको छ । यसको विपरित गत वर्षको यसै अवधिमा उक्त कारोवार मार्फत खुद रू १९ अर्ब ४५ करोड बराबरको तरलता प्रशोचन भएको थियो । समीक्षा अवधिमा रिभर्स रिपो बोलकबोल उपकरणमार्फत रू ५ अर्ब ५७ करोड र बिक्री बोलकबोल मार्फत रू १ अर्ब २४ करोड गरी कुल रू ६ अर्ब ८१ करोड बराबरको तरलता प्रशोचन भएको छ भने रिपो बोलकबोल मार्फत कुल रू ७ अर्ब बराबरको तरलता प्रवाह भएको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा बिक्री वोलकवोलबाट रू ५ अर्ब ८९ करोड र रिभर्स रिपो बोलकबोलबाट रू १३ अर्ब ५६ करोड गरी कुल रू १९ अर्ब ४५ करोड बराबरको खुद तरलता प्रशोचन भएको थियो ।

**तालिका १: खुला बजार कारोवारको स्थिति (पहिलो सात महिना)**

**(रू. करोडमा)**

| | २०६३/६४ | २०६४/६५ |
|---|---|---|
| **कुल तरलता प्रशोचन** | **१९४५.०** | **६८१.०** |
| बिक्री बोलकबोल | ५८९.० | १२४.० |
| रिर्भस रिपो बोलकबोल | १३५६.० | ५५७.० |
| **कुल तरलता प्रवाह** | **०.०** | **७००.०** |
| खरीद बोलकबोल | - | - |
| रिपो बोलकबोल | - | ७००.० |
| **खुद तरलता प्रशोचन (-प्रशोचन/ +प्रवाह )** | **-१९४५.०** | **+१९.०** |

**अन्तर बैंक कारोवार र स्थायी तरलता सुविधा**

११. समीक्षा अवधिमा वाणिज्य बैंकहरू बीचको कुल अन्तर बैंक कारोवार रू १८० अर्ब ३८ करोड रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा कुल अन्तर बैंक कारोबार रू १०३ अर्ब ५० करोड रहेको थियो । समीक्षा अवधिमा अन्तर बैंक कारोवार बढ्नुको अतिरिक्त स्थायी तरलता सुविधाको उपयोग पनि बढेको छ । अघिल्लो वर्ष वाणिज्य बैंकहरुले रू ८ अर्ब १९ करोड स्थायी तरलता सुविधा उपयोग गरेकोमा समीक्षा अवधिमा कुल रू ७२ अर्ब ५० करोड उपयोग भएको छ ।

समीक्षा अवधिमा आन्तरिक कर्जाको माग बढेकोले अन्तर बैंक कारोवार र स्थायी तरलता सुविधाको उपयोग बढेको हो ।

**तालिका २ : अन्तर बैंक कारोवार र स्थायी तरलता सुविधा**
**(पहिलो सात महिना)**

**रू करोडमा**

| | २०६३/६४ | २०६४/६५ |
|---|---|---|
| स्थायी तरलता सुविधा | ८१९.१ | ७२५०.२ |
| अन्तर बैंक कारोवार | १०३४९.९ | १८०३७.५ |

**अल्पकालीन व्याजदर**

१२. २०६४ माघ महिनामा ९१ दिने ट्रेजरी विल्सको भारित औसत मासिक व्याजदर ५.७९ प्रतिशत रहेको छ, जुन २०६३ माघ महिनामा २.५९ प्रतिशत रहेको थियो । त्यसैगरी, २०६३ माघ महिनामा भारित औसत मासिक अन्तर बैंक व्याजदर २.०१ प्रतिशत रहेकोमा २०६४ माघ महिनामा ७.५५ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरूले निक्षेपमा प्रदान गर्ने व्याजदरमा पनि केही परिवर्तन आएको छ । अघिल्लो वर्ष वाणिज्य बैंकहरूले बचत निक्षेपमा अधिकतम ५ प्रतिशतसम्म व्याज दिने गरेकोमा समीक्षा अवधिमा उक्त निक्षेपको व्याजदर ५.२५ प्रतिशत पुगेको छ । त्यस्तै, आवधिक निक्षेपको व्याजदर पनि अघिल्लो वर्षको तुलनामा बढेको छ । अघिल्लो वर्ष २ वर्ष वा सो भन्दा माथिको निक्षेपको अधिकतम व्याजदर ५.५ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ६.७५ प्रतिशत पुगेको छ । समीक्षा अवधिमा आन्तरिक कर्जाको मागमा विस्तार भएको र कृषि विकास बैंकको शेयरको प्राथमिक निष्कासनमा उल्लेख्य रकम संकलन भएकोले वाणिज्य बैंकहरुको अधिक तरलतामा केही संकुचन आई अल्पकालिन व्याजदरहरू बढेका हुन् ।

**तालिका ३: ९१-दिने ट्रजरी विल्स तथा अन्तर बैंक कारोवारको व्याजदर**

**प्रतिशतमा**

| **महिना** | **भारित औसत** | | | |
|---|---|---|---|---|
| | **९१-दिने** | | **अन्तर बैंक दर** | |
| | २०६३/६४ | २०६४/६५ | २०६३/६४ | २०६४/६५ |
| साउन | २.९९ | ४.२५ | २.०७ | ४.१० |
| भदौ | २.७८ | २.१४ | १.८३ | २.१८ |
| असोज | २.५४ | २.३५ | २.११ | ३.३५ |
| कात्तिक | २.११ | ३.०३ | १.२ | ३.७३ |
| मंसिर | १.९८ | ३.५९ | १.३४ | ४.७३ |
| पुष | २.६७ | ३.८६ | ३.०३ | ४.९३ |
| माघ | २.६० | ५.७९ | २.०१ | ७.५५ |

## धितोपत्र बजार

१३. वार्षिक विन्दुगत आधारमा नेप्से सूचकांक ५५.४ प्रतिशतले वृद्धि भई २०६४ माघ मसान्तमा ८१४.४३ विन्दुमा पुगको छ। यो सूचकांक २०६३ माघ मसान्तमा ५२३.९४ थियो।

१४. बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ९०.३ प्रतिशतले वृद्धि भई २०६४ माघ मसान्तमा रु. २६० अर्ब ५० करोड पुगेको छ। परिणामस्वरुप, २०६४ माघ मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३२.९ प्रतिशत पुगेको छ। २०६३ माघ मसान्तमा यस्तो अनुपात १९ प्रतिशत रहेको थियो। सूचीकृत कम्पनीहरुको वजार पूँजीकरणमा विगतमाझैं बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन्।

१५. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि १५.०३ प्रतिशत रही २०६४ माघ मसान्तमा रु.२४ अर्ब ३५ करोड पुगेको छ। नेपाल स्टक एक्सचेन्ज लि. मा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो।

१६. २०६४ माघ मसान्तमा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत भएका कम्पनीहरुको संख्या १४५ पुगेको छ। २०६३ माघ मसान्तमा यो संख्या १४१ रहेको थियो। हाल सूचीकृत कम्पनीहरुमध्ये

११० वटा वित्तीय संस्था, २१ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ५ वटा व्यापारिक संस्था, ३ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

१७. २०६४ माघ मसान्तमा मासिक कारोवारको वजार पूँजीकरणसँगको अनुपात (Turnover Ratio) ०.४५ प्रतिशत पुगेको छ । यस्तो अनुपात २०६३ माघ मसान्तमा ०.४४ प्रतिशत रहेको थियो ।

१८. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको Rolling Standard Deviation २०६३ माघ मसान्तमा ७०.१ रहेकोमा २०६४ माघ मसान्तमा १८७.८ पुगेको छ ।

१९. प्राथमिक निष्काशन तर्फ, चालु आर्थिक वर्षको पहिलो सात महिनामा नेपाल धितोपत्र वोर्डले ८ वटा कम्पनीहरुलाई रु ४० करोड २४ लाख बरावरको साधारण शेयर, अन्य १५ वटा कम्पनीहरुलाई रु २ अर्व ६७ करोड वरावरको हकप्रद शेयर र नेपाल विद्युत प्राधिकरणलाई रु १ अर्ब ५० करोड बरावरको डिवेञ्चर निष्काशनको लागि स्वीकृति प्रदान गरेको छ ।

२०. नेपाल विद्युत प्राधिकरणले २०६४ फागुन २ गते देखि निष्काशन हुने गरी रु. १ अर्व ५० करोडको विद्युत ऋणपत्रको लागि आव्हान गरेकोमा रु. १ अर्ब ६५ करोड रकम बराबरको लागि आवेदन परेको छ । यस मध्ये सर्वसाधारणतर्फ (Public Placement) रु. १५ करोड र व्यक्तिगत तर्फ (Private Placement) रु. १ अर्ब ३५ करोड छुट्टयाईकोमा सर्वसाधारण तर्फ रु. ६९ करोड र व्यक्तिगत तर्फ रु ९६ करोडको लागि आवेदन परेको छ । ५ वर्षे समयावधिको सो ऋणपत्रको अंकित व्याजदर ७.७५ प्रतिशत रहेको छ ।


२१. नेपाल सरकारको नाममा रहेको नेपाल दूर सञ्चार कम्पनी लिमिटेडको अंकित मूल्य रु. १००।- दरको रु. १ अर्व ५० करोडको शेयर निजीकरण प्रक्रिया अनुरुप सर्वसाधारणलाई बिक्री गर्ने क्रममा पहिलो चरणमा रु. ७५ करोडको शेयर सर्वसाधारणको लागि न्यूनतम मूल्य रु. ६००।- कायम गरी बोलकबोलमा बिक्री गर्न मिति २०६४।१०।९ देखि २०६४।११।१४ सम्म बिक्री खुला भएको थियो ।

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

२२. आर्थिक वर्ष २०६४।६५ को माघ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ६.४ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो मुद्रास्फीति ८.० प्रतिशत रहेको थियो । २०६४ कात्तिकमा पेट्रोलियम पदार्थको मूल्यमा गरिएको वृद्धिको कारणबाट इन्धन, विजुली तथा पानी उप-समूहको मूल्य सूचकाङ्कमा प्रभाव परेको भए तापनि उक्त वृद्धिबाट सार्वजनिक यातायातको भाडादर, ढुवानी लागत तथा रेष्टुरेन्ट खाना जस्ता क्षेत्रहरुको मूल्यमा प्रभाव नपरेको र नेपाली रुपैया अमेरिकी डलरसँग अधिमूल्यन भएको कारणबाट गैरखाद्य वस्तु तथा सेवा समूहमा कम चाप परेकोले गतवर्षको तुलनामा समीक्षा अवधिमा उपभोक्ता मुद्रास्फीतिमा केही सुधार आएको हो ।

**चार्ट १: उपभोक्ता मुद्रास्फीति, माघ**
(वार्षिक विन्दुगत प्रतिशत परिवर्तन)




२३. समूहगतरूपमा, खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्कको वार्षिक वृद्धिदर २०६३ माघ महिनामा ८.८ प्रतिशत रहेकोमा २०६४ माघमा ७.९ प्रतिशत रहेको छ । यस समूह अन्तरगतका उप-समूहमध्ये तेल तथा घ्यूको मूल्य सूचकाङ्क १८.८ प्रतिशत, खाद्यान्न तथा खाद्यान्नजन्य पदार्थको १३.५ प्रतिशत, दलहनको १३.४ प्रतिशत, रेष्टुरेण्टको खानाको ७.३

प्रतिशत, दुध तथा दुग्धजन्य पदार्थको ६.६ प्रतिशत र माछा, मासु तथा फुलको ६.४ प्रतिशतले बढेको छ । तर चिनी तथा चिनीजन्य पदार्थको मूल्यमा भने समीक्षा अवधिमा १०.७ प्रतिशतले र तरकारी तथा फलफूलको मूल्यमा ४.९ प्रतिशतले गिरावट आएको छ । यसैगरी, गैरखाद्य वस्तु तथा सेवा समूहको सूचकाङ्कको वृद्धिदर अघिल्लो वर्ष ७.३ प्रतिशत रहेकोमा समीक्षा अवधिमा सुधार भई ४.८ प्रतिशत कायम भएको छ । यस समूह अन्तरगत रहेका सूर्ति तथा सूर्तिजन्य पदार्थको मूल्य सूचकाङ्क ८.३ प्रतिशत, घरायसी वस्तु तथा सेवा ६.० प्रतिशत, औषधि तथा व्यक्तिगत हेरचाहसम्बन्धी वस्तुको ५.८ प्रतिशत र शिक्षा, शैक्षिक सामग्री तथा मनोरञ्जनसम्बन्धी वस्तुको ५.४ प्रतिशतले वृद्धि भएको छ । उपरोक्त वस्तुहरुकको मूल्य सूचकाङ्कमा भएको औसत वृद्धि गतवर्षको तुलनामा कम रहेकोले यस समूहको मूल्य सूचकाङ्कमा समेत कम चाप पर्न गएको हो ।

२४. भौगोलिक आधारमा समीक्षा गर्दा २०६४ माघमा काठमाडौ उपत्यकामा ६.२ प्रतिशत, तराईमा ६.४ प्रतिशत र पहाडमा ६.५ प्रतिशतले मूल्य वृद्धि भएको छ । गतवर्ष यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः ७.४ प्रतिशत, ८.९ प्रतिशत र ६.९ प्रतिशत रहेको थियो ।

२५. २०६३ माघमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति (Core Inflation) को वृद्धिदर ६.५ प्रतिशत रहेकोमा २०६४ माघमा ५.५ प्रतिशत रहेको छ ।

२६. यस आर्थिक वर्षको प्रथम सात महिना (साउनदेखि माघसम्म) को औसत मुद्रास्फीति ६.३ प्रतिशत रहेको छ । गतवर्ष यसै अवधिमा उक्त दर ७.३ प्रतिशत रहेको थियो ।


**थोक मुद्रास्फीति**

२७. वार्षिक विन्दुगत राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वृद्धिदर २०६३ माघमा १२.६ प्रतिशत रहेकोमा २०६४ माघमा ४.३ प्रतिशत रहेको छ । कृषिजन्य उत्पादनको थोक मूल्य गत वर्षको तुलनामा निकै कम दरले बढेको कारण समीक्षा अवधिमा थोक मूल्यमा कम चाप पर्न गएको हो । समूहगतरूपमा कृषिजन्य उत्पादनको मूल्य वृद्धिदर अघिल्लो वर्ष १७.५ प्रतिशत रहेकोमा समीक्षा अवधिमा १.७ प्रतिशत मात्र रहेको छ । कृषिजन्य वस्तुहरुमध्ये नगदेवाली, खाद्यान्न, दलहन, तथा पशुजन्य आहारको मूल्य गतवर्ष क्रमशः २.९ प्रतिशत, १५.० प्रतिशत, २४.६

प्रतिशत, र ९.२ प्रतिशतले बढेकोमा यस वर्ष क्रमशः १२.४ प्रतिशत, १०.० प्रतिशत, ९.५ प्रतिशत, र ५.६ प्रतिशतले मात्र बढेको छ भने गतवर्ष क्रमशः ३८.५ प्रतिशत र २३.५ प्रतिशतले बढेको फलफूल तथा तरकारी र मरमसलाको मूल्य यस वर्ष क्रमशः १९.६ प्रतिशत र १५.९ प्रतिशतले घटेको छ । समीक्षा अवधिमा स्वदेशमा उत्पादित वस्तुको सूचकाङ्क ६.६ प्रतिशतले वृद्धि भएको छ । गतवर्ष सोही अवधिमा उक्त वृद्धिदर ९.८ प्रतिशत रहेको थियो । यस उप-समूह अन्तरगतका वस्तुहरुमध्ये निर्माण सामाग्री र खाद्यजन्य पदार्थको थोक मूल्य गत वर्ष क्रमशः १९.७ प्रतिशत र ९.७ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा क्रमशः ९.५ प्रतिशत र ८.० प्रतिशतले मात्र वृद्धि भएको छ । अर्कोतर्फ आयातित वस्तुको थोक मूल्य वृद्धिदर २०६३ माघमा ७.३ प्रतिशत रहेकोमा यसवर्ष ६.९ प्रतिशत रहेको छ ।

२८. यस आर्थिक वर्षको प्रथम सात महिना (साउनदेखि माघसम्म) को थोक मूल्य औसत वृद्धिदर ८.१ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको यसै अवधिमा यस्तो वृद्धिदर ९.८ प्रतिशत रहेको थियो ।

**चार्ट २: थोक मुद्रस्फीति, माघ**
(वार्षिक विन्दुगत प्रतिशत परिवर्तन)



### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२९. २०६४ माघ महिनामा वार्षिक बिन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ८.८ प्रतिशतले वृद्धि भएको छ । २०६३ माघमा उक्त सूचकाङ्क ९.९ प्रतिशतले बढेको थियो । २०६४ साउनदेखि सरकारी कर्मचारीलगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा सरदर १७.० प्रतिशतको खुद वृद्धि भएकोले यस अवधिमा तलव सूचकाङ्कमा चाप पर्न गई १०.९ प्रतिशतको वृद्धि देखिएको भएता पनि गत वर्षको तुलनामा यस वर्ष समग्र ज्यालादर सूचकाङ्कमा कम चाप पर्न गएका कारण समीक्षा अवधिमा समग्र राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्कमा कम दरको वृद्धि देखिएको हो । अघिल्लो वर्ष ११.२ प्रतिशतले बढेको ज्यालादर सूचकाङ्क समीक्षा अवधिमा ८.२ प्रतिशतले मात्र बढेको छ । यस अवधिमा ज्यालादर अन्तर्गत कृषि मजदुरको ज्यालादर ६.३ प्रतिशतले, औद्योगिक मजदुरको १०.२ प्रतिशतले र निर्माण मजदुरको ज्यालादर ११.१ प्रतिशतले वृद्धि भएको छ ।

## सरकारी वित्त स्थिति

### सरकारी बजेट घाटा/बचत

३०. आर्थिक वर्ष २०६४/६५ को पहिलो सात महिनाको अवधिमा सरकारी बजेट रू ६ अर्व १८ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा बजेट रू १ अर्व ८२ करोडले बचतमा रहेको थियो । सरकारी खर्च वृद्धि उच्च रहेकोले समीक्षा अवधिमा सरकारी बजेट घाटामा रहेको हो ।

३१. कुल बजेटघाटा पूर्ति गर्ने क्रममा, नेपाल सरकारले आन्तरिक ऋण (अधिविकर्ष वाहेक) कुल रू ९ अर्ब २० करोड परिचालन गरेको छ भने नेपाल राष्ट्र बैङ्कमा सरकारको रू ५ अर्ब १७ करोड बराबरको नगद बचत रहेको छ । अघिल्लो वर्षको यस्तो सञ्चिति रकम रु ३ अर्ब १२ करोड समेत समावेश गर्दा सो सञ्चिति रु ८ अर्ब २९ करोड हुन आउँछ । समीक्षा अवधिमा परिचालन भएको आन्तरिक ऋण बजेटमा व्यवस्था भएको वार्षिक आन्तरिक ऋण सीमा रू २० अर्ब ५० करोडको ४४.९ प्रतिशत हुन आउँछ ।

३२. समीक्षा अवधिमा रु.३ अर्ब ८१ करोड आन्तरिक ऋणको भुक्तानी समेत भएकोले अधिविकर्षसहित नेपाल सरकारको खुद आन्तरिक ऋण परिचालन ऋणात्मक रु २१ करोड २१ लाख रहेको छ ।

३३. कुल बजेटघाटामध्ये रू २ अर्ब ४५ करोड वैदेशिक ऋणबाट पूर्ति भएको छ ।

**सरकारी खर्च**

३४. आर्थिक वर्ष २०६४/६५ को पहिलो सात महिनासम्ममा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ३१.१ प्रतिशतले वृद्धि भई रू ६८ अर्व १२ करोड पुगेको छ । अघिल्लो वर्ष सरकारी खर्च १३.० प्रतिशतले बढेको थियो । सरकारी खर्चका तीन शीर्षकहरु चालू खर्च, पूँजीगत खर्च र साँवा भुक्तानी खर्चमा उल्लेखनीय वृद्धि भएकोले अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा कुल सरकारी खर्चको वृद्धिदरमा विस्तार आएको हो ।

३५. अघिल्लो वर्ष नेपाल सरकारको चालू खर्च १०.२ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा सो खर्च २०.६ प्रतिशतले वृद्धि भई रू ४४ अर्व २७ करोड पुगेको छ । राहत खर्च वृद्धि, सरकारी कर्मचारीको तलब वृद्धि, शान्ति व्यवस्थापनसम्बन्धी खर्च वृद्धि र संविधान सभाको निर्वाचन तयारी खर्च लगायत अन्य सरकारी प्रशासनिक खर्चमा वृद्धि भएको कारण समीक्षा अवधिमा चालू खर्चको वृद्धिदरमा विस्तार आएको हो ।

३६. समीक्षा अवधिमा पूँजीगत खर्च ७९.१ प्रतिशतले वृद्धि भई रू १३ अर्व ९३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत खर्च ३०.२ प्रतिशतले बढेको थियो । यस अवधिमा नेपाल आयल निगमलाई रू २ अर्ब ५५ करोड भुक्तानी, कृषि विकास बैङ्कमा रु १ अर्ब ७५ करोड शेयर लगानी र नेपाल विद्युत प्राधिकरणलाई रु ५२ करोड शेयर लगानी गरी सार्वजनिक संस्थानहरुमा रु. ५ अर्ब ५० करोड लगानी भएको छ । त्यसैगरी, गरीबी निवारण कोषलाई रु १ अर्ब २० करोड भुक्तानी भएको छ । साथै, स्थानीय समुदायको सहभागितामा ग्रामीण पूर्वाधार निर्माण (जस्तै ट्रान्समिसन लाइन विस्तार, स्थानीय स्तरमा साना जलविद्युत आयोजना विस्तार, वैकल्पिक उर्जा विकास) मा सरकारी लगानी वृद्धि भएको छ । यी सबै कारणहरुले गर्दा समीक्षा अवधिमा पुँजीगत खर्चको वृद्धिदर उच्च रहेको हो ।

**सरकारी राजस्व र वैदेशिक नगद अनुदान**

३७. आर्थिक वर्ष २०६४/६५ को पहिलो सात महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन २९.० प्रतिशतले वृद्धि भई रू ५४ अर्ब ५२ करोड पुगेको छ । अघिल्लो वर्ष राजस्व १७.९ प्रतिशतले बढेको थियो । भन्सार, अन्तःशुल्क, आयकर एवं मूल्य अभिवृद्धि कर जस्ता सबै प्रकारका कर राजस्वको वृद्धिदरमा विस्तार भएको र गैरकर राजस्वको वृद्धिदर पनि बढेको कारण समीक्षा अवधिमा कुल राजस्व परिचालनको वृद्धिदर उच्च रहेको हो ।

३८. समीक्षा अवधिमा भन्सार राजस्व २८.३ प्रतिशतले बढी रु ११ अर्व ३२ करोड पुगेको छ। अघिल्लो वर्ष भन्सार राजस्व १२.७ प्रतिशतले मात्र बढेको थियो। भन्सार प्रशासनमा भएको सुधार, उच्च भन्सार महसूल लाग्ने सवारी साधनको आयातमा भएको उल्लेख्य वृद्धि र भारतीय अन्तःशुल्क फिर्ता रकममा पनि वृद्धि भएकोले भन्सार राजस्वको वृद्धिदरमा विस्तार भएको हो ।

३९. आर्थिक वर्ष २०६४/६५ को पहिलो सात महिनाको अवधिमा मूल्य अभिवृद्धि कर राजस्व २४.२ प्रतिशतले वृद्धि भई रु १७ अर्व ३1 करोड परिचालन भएको छ। अघिल्लो वर्ष मूल्य अभिवृद्धि कर १६.३ प्रतिशतले वृद्धि भएको थियो। विप्रेषण आयमा भएको वृद्धि, बढ्दो उपभोक्ता विश्वास र मूल्य अभिवृद्धि करको क्षेत्रमा भएका प्रशासनिक सुधारहरु, जस्तैः ठूला करदाता इकाईको स्थापना, विलिङ्ग प्रणालीको सुदृढीकरण, ननफाइलरको व्यवस्थापन आदिको कारण मूल्य अभिवृद्धि करको वृद्धिदरमा विस्तार भएको हो ।

४०. समीक्षा अवधिमा अन्तःशुल्क राजस्व २८.७ प्रतिशतले वृद्धि भई रु ५ अर्व ५८ करोड पुगेको छ। अघिल्लो वर्ष अन्तःशुल्क राजश्व २१.५ प्रतिशतले वृद्धि भएको थियो । अन्तःशुल्क प्रशासनमा गरिएका सुधारहरु, अन्तःशुल्क लाग्ने नयाँ वस्तुहरुको पहिचान र उच्च अन्तःशुल्क लाग्ने हल्का सवारी साधनहरुको आयातमा उल्लेख्य वृद्धि भएको कारण समीक्षा अवधिमा अन्तःशुल्क राजस्वको वृद्धिदर बढेको हो ।

४१. आर्थिक वर्ष २०६४/६५ को पहिलो सात महिनाको अवधिमा आयकर राजस्व ४०.६ प्रतिशतले वृद्धि भई रु ९ अर्व ६३ करोड परिचालन भएको छ। अघिल्लो वर्ष आयकर राजस्व २९.६ प्रतिशतले बढेको थियो। केही सरकारी संस्थानहरु, निजी संस्थानहरुको आयमा वृद्धि हुनुको साथै

लगानी आयमा उल्लेख्य वृद्धि भएकोले समीक्षा अवधिमा आयकर राजस्वको वृद्धिदरमा विस्तार भएको हो ।

४२. समीक्षा अवधिमा गैर कर राजस्व २२.८ प्रतिशतले वृद्धि भई रु ८ अर्व ९ करोड पुगेको छ। अघिल्लो वर्ष गैरकर राजस्व १८.६ प्रतिशतले बढेको थियो । नेपाल राष्ट्र बैंकलगायत[1] अन्य केही सरकारी संस्थानहरुबाट सरकारलाई लाभांश प्राप्त भएको कारण गैरकर राजस्वमा वृद्धि भएको हो ।

४३. आर्थिक वर्ष २०६४/६५ को पहिलो सात महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद अनुदानबापत रू ५ अर्ब ४५ करोड प्राप्त भएको छ । अघिल्लो वर्ष सो शीर्षकमा रू ८ अर्ब १ करोड प्राप्त भएको थियो ।

४४. २०६४ माघ मसान्तमा नेपाल सरकारको खुद आन्तरिक ऋण रु ९६ अर्ब ३९ करोड पुगेको छ । आर्थिक वर्षको शुरुमा नेपाल सरकारको यस्तो ऋण रु ९६ अर्ब १८ करोड रहेको थियो ।

## वाह्य क्षेत्र स्थिति

### वैदेशिक व्यापार र शोधनान्तर

४५. आर्थिक वर्ष २०६४/६५ को पहिलो सात महिनामा कुल निर्यात ३.० प्रतिशतले घटेको छ। अन्य मुलुकतर्फको निर्यात २.५ प्रतिशतले बढेतापनि भारततर्फको निर्यात ५.५ प्रतिशतले ह्रास हुनाले कुल निर्यात घटेको हो । अघिल्लो वर्षको पहिलो सात महिनामा पनि कुल निर्यात ३.० प्रतिशतले नै घटेको थियो जसमध्ये भारततर्फको निर्यात ४.६ प्रतिशतले घटेको थियो भने अन्य मुलुकतर्फको निर्यात ०.७ प्रतिशतले बढेको थियो ।

४६. भारततर्फ मुख्यतया वनस्पति घ्यू, रसायन, कपडा, टुथपेष्ट तथा तारको निर्यातमा कमी आउनाले त्यसतर्फको निर्यात घटेको हो । अन्य मुलुकतर्फ विशेषगरी मुख्य वस्तु अन्तर्गतका दाल र

[1] आर्थिक वर्ष २०६३/६४ को लाभांशवापत् नेपाल राष्ट्र बैंकले नेपाल सरकारलाई रु ३ अर्व ४३ करोड छुट्ट्याएकोमा २०६४ पुस महिनामा रु १ अर्व ५० करोड बुझाइ सकेको छ ।

जडिबुटि एवं अन्य वस्तु अन्तर्गतका विरुवा, हस्तनिर्मित नेपाली कागज, स्टेशनरी तथा सेरामिक वस्तुहरुका निर्यात बढ्नाले त्यसतर्फको निर्यात बढेको हो ।

४७. आर्थिक वर्ष २०६४/६५ को पहिलो सात महिनामा कुल आयात ११.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल आयात मात्र १.६ प्रतिशतले बढेको थियो । कुल आयातमध्ये भारतबाट भएको आयात समीक्षा अवधिमा १४.६ प्रतिशतले वृद्धि भएको छ भने अन्य मुलुकबाट भएको आयात ७.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष भारतबाट भएको आयात ५.१ प्रतिशतले बढेको थियो भने अन्य मुलुकबाट भएको आयात ३.७ प्रतिशतले घटेको थियो ।

४८. आर्थिक वर्ष २०६४/६५ को प्रथम सात महिनामा भारतबाट मुख्यतया एम.एस. विलेट, सवारी साधन तथा पाटपुर्जा, हट रोल्ड शीट इन्क्वाइल, अन्य मेशिनेरी तथा पूर्जा र विद्युतीय सामाग्री एवं अन्य मुलुकबाट विशेषगरी सुन, सवारीसाधन तथा पाटपुर्जा, दूरसंचारका सामाग्री, विद्युतीय सामाग्री एवं अन्य मेशिनरी तथा पाटपुर्जाको आयातमा उल्लेख्य वृद्धि आएको छ ।

४९. आर्थिक वर्ष २०६४/६५ को पहिलो सात महिनामा समग्र शोधनान्तर स्थिति रू. २७ करोडले बचतमा रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा समग्र शोधनान्तर स्थिति रू. ६ अर्व ४३ करोडले बचतमा रहेको थियो । समीक्षा अवधिमा पर्यटन आय र विप्रेषण आप्रवाह क्रमश: ७२.० प्रतिशत र २३.२ प्रतिशतले बढ्नाले चालु खाता रु. ३ अर्व ६० करोडले बचतमा रहेको छ । अघिल्लो बर्षको सोही अवधिमा चालु खाता रु. ६ अर्व १ करोडले बचतमा रहेको थियो ।

**विदेशी विनिमय सञ्चिति**

५०. २०६४ माघ मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६४ असार मसान्तको तुलनामा १.२ प्रतिशतले बढी रू. १६७ अर्ब ६ करोड पुगेको छ । आर्थिक वर्ष २०६३/६४ को माघ मसान्तमा यस्तो सञ्चिति ३.४ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा भने २०६४ असारदेखि माघ मसान्तसम्ममा कुल सञ्चिति ३.६ प्रतिशतले बढी अमेरिकी डलर २ अर्ब ६४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा ९.० प्रतिशतले वढेको थियो । आर्थिक वर्ष २०६४/६५ को पहिलो सात महिनाको आयातलाई आधार मान्दा

विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले १०.२ महिनाको वस्तु आयात र ८.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ।

**अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति**

५१. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६३ माघ मसान्तमा प्रतिव्यारल अमेरिकी डलर ५४.६६ रहेकोमा २०६४ माघ मसान्तमा ७५.३ प्रतिशतले बढी प्रतिव्यारल अमेरिकी डलर ९५.८० पुगेको छ। त्यसैगरी सुनको मूल्य २०६३ माघ मसान्तको तुलनामा २०६४ माघ मसान्तमा ३८.० प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर ६६४.५५ बाट अमेरिकी डलर ९१७.०० पुगेको छ।

**विनिमय दर प्रवृत्ति**

५२. २०६४ असार मसान्तको तुलनामा २०६४ माघ मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग २.३७ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ५.३३ प्रतिशतले अधिमूल्यन भएको थियो । २०६३ माघ मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ७०.३५ रहेको थियो भने २०६४ माघ मसान्तमा उक्त विनिमय दर रु. ६३.३५ मा झरेको छ।